बन्दिपुर गाउँपालिका
गाउँकार्यपालिकाको कार्यालय
बन्दिपुर, तनहुँ
गण्डकी प्रदेश, नेपाल
२०७३

# कार्यपालिका बैठक माइन्युट

| मिति | २०८२।०२।१२, शुक्रबार | बैठक संख्याः | १७ (आर्थिक वर्ष २०८१।०८२) |
|---|---|---|---|
| अध्यक्षता | श्री सुरेन्द्र बहादुर थापा, गाउँपालिका अध्यक्ष | | |

## उपस्थितिः

| क्र. स. | नाम थर | पद | दस्तखत |
|---|---|---|---|
| १ | सुरेन्द्र बहादुर थापा | अध्यक्ष | |
| २ | पञ्चमाया गुरूङ | उपाध्यक्ष | |
| ३ | शिवकुमार श्रेष्ठ | १ नं वडा अध्यक्ष | |
| ४ | तिलक बहादुर कुँवर | २ नं वडा अध्यक्ष | |
| ५ | परमेश्वर भट्टराई | ३ नं वडा अध्यक्ष | |
| ६ | दान बहादुर थापा | ४ नं वडा अध्यक्ष | |
| ७ | ध्रुव प्रसाद लामिछाने | ५ नं वडा अध्यक्ष | |
| ८ | वल बहादुर गुरुङ | ६ नं वडा अध्यक्ष | |
| ९ | कौशिला परियार वि.क. | कार्यपालिका सदस्य | |
| १० | दमयन्ती थापा मगर | कार्यपालिका सदस्य | |
| ११ | उमा घर्ती | कार्यपालिका सदस्य | |
| १२ | हरी माया वि. क. | कार्यपालिका सदस्य | |
| १३ | मिन राम परियार | कार्यपालिका सदस्य | |
| १४ | जीवन भुजेल | कार्यपालिका सदस्य | |
| १५ | यादवराज आचार्य | सदस्य- सचिव | |

### एजेन्डाहरू

| सि.नं. | एजेन्डाको संक्षिप्त विवरण |
|---|---|
| १. | अघिल्लो बैठको कार्यान्वयन समीक्षा |
| २. | विद्यालय मर्ज सम्बन्धमा |
| ३. | सामुहिक खेती प्रवर्धन झप्रीको सम्बन्धमा। |
| ४. | राजश्व सुधार योजनाको TOR स्वीकृत सम्बन्धमा। |
| ५. | साराङघाटको नदीजन्य पदार्थ उत्खनन् अमानतमा विक्रि गर्ने सम्बन्धमा। |
| ६. | सडक मर्मत सम्बन्धमा। |
| ७. | आ.व. २०८२।०८३ को बजेट सम्बन्धमा |
| ८. | GRS Net बारे |
| ९. | विविध |

| निर्णय संख्या | निर्णय संग सम्बन्धित एजेन्डा/ शाखा | निर्णयको व्यहोरा |
|---|---|---|
| १. | **प्रशासन** | अघिल्लो कार्यपालिका बैठकको निर्णयहरूको कार्यान्वयनको बारेमा छलफल गरी समीक्षा गरियो। |
| २. | **साराङ्घाटको ढुङ्गा गिटी अमानतमा विक्रि गर्ने विषय** | चालु आ.व. २०८१/८२ मा यस बन्दीपुर गाउँपालिकामा पर्ने सेती नदिका घाटहरुको नदिजन्य पदार्थ (ढुंगा, गिट्टी तथा बालुवा) को उत्खनन्, संकलन तथा बिक्री कार्यको लागि दुईचोटी सम्म खुल्ला बोलपत्रको माध्यमबाट ठेक्का आव्हान गर्दा समेत उक्त नदी घाटहरुको ठेक्का बन्दोबस्त हुन् नसकेको र हालै मात्र यसै बन्दीपुर गाउँपालिकामा पर्ने सडक डिभिजन, दमौली बाट आह्वान भएको ठेक्का (Roadway Upgrading Works of Bandipur- Dharampani- Saranghat Road, Tanahun, ठेक्का नं. RDDML/337011694/081/82-71) को मिति २०८२/०१/२४ मा श्री M/S Bhanja/B&B JV, Kaski को बोलपत्र स्वीकृत गर्ने भनि सडक डिभिजन, दमौली बाट आशयको सूचना निस्किएको तथा उक्त फर्म स्वंमले सो योजनाको निर्माण कार्य गर्नको लागि सेती नदीको ढापघाट बाट जम्मा ३०० घ.मि. नदिजन्य पदार्थ उपलब्ध गरिदिनुहुन भनि यस कार्यालयमा निवेदन पेश गरको र उक्त निर्माण योजनामा नदिजन्य पदार्थको उल्लेखनीय मात्रामा परिमाणको आवश्यक रहेको देखिएको हुँदा सेती नदिको उक्त घाटबाट स्वीकृत IEE प्रतिवेदनमा उल्लेख भएको परिमाण नबढ्ने गरि सो निर्माण कम्पनी/व्यवसाहीसंग निजले उत्खनन गर्न चाहेको जम्मा ३०० घ.मि. परिमाणको गण्डकी प्रदेश सरकारको आर्थिक ऐन २०८१/८२ बमोजिमको न्यूनतम् दररेट रु. ९ प्रति घनफिट ( रु. ३१७.८३ प्रति घनमिटर ) का दरले उक्त माग भई आएको परिमाणको जम्मा हुन आउने रकम रु. ९५,३४९ मा १.५% अग्रिम आयकर र १३% भ्याट रकम जोडी हुन आउने जम्मा रकम रु. १,०९,१७४.६१ अग्रिम यस कार्यालयको विभाज्य कोष खातामा दाखिला गर्न लगाई निजलाई IEE प्रतिवेदनमा उल्लेख भएका मेशिनरी उपकरण प्रयोग गर्न दिई उक्त घाटहरुको नदिजन्य पदार्थ (ढुंगा, गिट्टी तथा बालुवा) को उत्खनन्, संकलन तथा प्रयोग गर्नको लागि अनुमति प्रदान गर्ने निर्णय गरियो। |
| ३. | **सामुहिक खेती झप्री** | बन्दीपुर-४ झप्रीमा आलु खेती गरी सामुहीक खेती प्रवर्धन गरेको नेपाल कम्युनिष्ट पार्टीलाई हिउँदे बजेटमा समावेश गरीएको सामुहिक खेती झप्री कार्यक्रम शीर्षकबाट रु १ लाख प्रदान गर्ने निर्णय गरियो। |
| ४. | **राजश्व सुधार योजना** | हिउँदे सभाबाट समावेश गरिएको **राजश्व सुधार योजना** निर्माणका लागि आवश्यक कार्यक्षेत्रगत शर्त तथा लागत अनुमान स्वीकृत गरी परामर्श सेवा प्रकृयाबाट खरिद कार्य अगाडि बढाउने निर्णय गरियो। |
| ५. | **विद्यालय मर्ज सम्बन्धमा** | बन्दीपुर-५ थुम्कामा रहेको कालिका आ.वि. मा शैक्षिक सत्र २०८२ का लागि विद्यार्थी भर्ना नभएकाले ECD कक्षा त्यही सञ्चालन हुने गरी उक्त |

| | | |
|---|---|---|
| | | विद्यालयलाई चन्द्रोदय आ.वि.मा समायोजन गर्ने भनी वि.व्य.स.को मिति २०८२।०१।२५ को निर्णयलाई अनुमोदन गर्दै कालिका आ.वि.लाई चन्द्रोदय आ.वि.मा समायोजन गर्ने निर्णय गरियो। |
| ६. | **शिक्षा शाखा** | नेपाल सरकारको कार्यक्रम अनुसार प्रत्यक स्थानीय तहमा कम्तिमा १ सामुदायिक सिकाई केन्द्र संचालन गर्ने व्यवस्था भए अनुसार यस बन्दीपुर गाउँपालिका भित्र हालसम्म कुनैपनि अनौपचारी वा बैकल्पिक शिक्षा संचालनको लागि सामुदायिक सिकाई केन्द्र संचालनमा नरहेकोले आगामी आर्थिक वर्षबाट **बन्दीपुर सामुदायिक सिकाई केन्द्र** नाममा यस बन्दीपुर गाउँपालिका अन्तरगत वडा न.२ मा सामुदायिक सिकाई केन्द्र संचालन गर्ने निर्णय गरियो। साथै आवश्यक आर्थिक व्यवस्थापनको लागि शिक्षा तथा मनव स्रोत विकास केन्द्र सानोठिमी भक्तपुरमा सिफारिस गर्ने निर्णय गरियो। |
| ७. | **शिक्षक समायोजन तथा दरबन्दी मिलान** | कालिका आ.वि. बन्दीपुर-५ का शिक्षक द्वय कौशिला भट्टराईलाई भंगरी आ.वि बन्दीपुर -१ मा र प्रतिक्षा भट्टराईलाई पद्मा आ.वि. सुकौरा-३ मा समायोजन गरी हाल पद्मा आ.वि. सुकौरामा कार्यरत शिक्षक सन्तोष पण्डितलाई शिव मा.वि. बन्दीपुर -३ मा दरबन्दी मिलान गर्ने निर्णय गरियो। |
| ८. | **कोल्ड स्टोरको डिजाइन परिवर्तन** | मिति २०७७ माघ ७ मा यस गाउँपालिका र कुसुम कन्स्ट्रक्सन, भानु-०१, तनहुँ बीच सम्झौता भएको ठेक्का Construction of Cold Store (Contract ID:- BRM/BLDG/02/2077-078) को लागत अनुमानमा उल्लेख गरिएको केहि सामग्रीहरु बजारमा नपाएको हुँदा २०७७ साल देखि अलपत्र रहेको कोल्ड स्टोर भवनको सोहि निर्माण कम्पनीको खर्चबाट नै हुने गरि यस कार्यालयमा सुचिकृत Polar Engineering Consultancy बाट डीजाईन परिवर्तन गर्न अनुमति माग भई आएको हुँदा सो बमोजिम सम्झौता रकम भन्दा थप आर्थिक भार यस कार्यालयलाई नपर्ने गरि डीजाईन परिवर्तन गरि निर्माण कार्य गर्न अनुमति दिने निर्णय गरियो। |
| ९. | **सडक मर्मत** | बन्दीपुर गाउँपालिका क्षेत्रभित्र रहेका विभिन्न समयमा क्षतिभएका सडकहरूलाई मर्मत गर्न सडक मर्मत शीर्षकबाट तपशिल बमोजिम रकम बाडँफाँड गरी मर्मत कार्य अगाडि बढाउने निर्णय गरियो।<br>तपशिलः |

| सि.न. | सडकको नाम, वडा नं. | विनियोजित रकम रु. |
|---|---|---|
| १. | हटिया-चिसापानी, बन्दीपुर -६ | २० हजार |
| २. | पार्चे-कुकुर्दी, बन्दीपुर-२ | १५ हजार |
| ३. | छिर्कन-सेराटार, बन्दीपुर-३ | २० हजार |
| ४. | सेराटार- सुखौरा, बन्दीपुर -३ | २० हजार |
| ५. | थुम्का- कल्चोक, बन्दीपुर -५ | २० हजार |
| ६. | वरथुम्की -हल्थुम्का, बन्दीपुर -२ | ३० हजार |

| | | |
|---|---|---|
| १०. | **बारिष्टा तालिम** | बन्दीपुर गाउँपालिकाको आ.ब २०८१/०८२ को स्वीकृत कार्यक्रमबाट (बजेट उ.शिर्षक ८०४३८५०५१०८ बाट रु.२,००,००० , बजेट उ.शिर्षक ८०४३८५०५११३ को विपन्न महिलाका लागि सिप बिकास कार्यक्रम बाट रु.२,००,०००। र बजेट उ.शिर्षक ८०४३८५०५११२ को युवाहरुलाई लक्षित गरि बजार माग अनुसारको छोटो अवधिको सीपमुलक तालिम संचालन बाट रु. १,००,०००। गरी जम्मा रू ५ लाख बजेट सुनिश्चित गरी १५ दिने वारिष्टा तालिम संचालन कार्यक्षेत्रगत बिवरण (TOR) र लागत अनुमान स्वीकृत गरी यस कार्यलयमा सूचिकृत फर्म/सेवा प्रदायक सँग प्रस्तावना माग गरी तालिम सञ्चालनको प्रकृया अगाडि बढाउने निर्णय गरियो। |
| ११. | **GRS Net** | आ.व.२०८२/०८३ देखि लागू हुनेगरी गाउँपालिका अन्तर्गतका सम्पूर्ण वडाकार्यालय र स्वास्थ्य संस्थाहरुमा GRS कम्पनीसँग सम्झौता गरी इन्टरनेट जडान गर्ने निर्णय गरियो। |
| १२. | **विविध** | १. डुम्रे ओपिडी शीर्षकमा विनियोजित बजेटबाट कार्य सम्पन्न भै बाँकी रहेको रु ८७ हजार रकमबाट बन्दीपुर अस्पतालमा एम्बुलेन्स पार्क गर्न एउटा ट्रस निर्माण गर्ने निर्णय गरियो। |
| | | २. बन्दीपुर गाउँपालिका भित्र गैर कानुनी रूपमा चलेका खानीजन्य उत्खनन् र विक्रि वितरणलाई स्थानीय प्रशासनको सहायतामा रोक लगाउने निर्णय गरियो। |
| | | ३. बन्दीपुर गाउँपालिकाको भू-उपयोग परिषद्ले मिति २०८२।०२।१२ मा गरेको यस अघिको वर्गीकरणमा छुट भएको ब्लकका फाइल कित्ताहरुको जग्गालाई वर्गीकरण गर्ने निर्णयलाई अनुमोदन गर्ने निर्णय गरियो। |
| | | ४. भेषभुषा धर्म संस्कृति प्रवर्धन शीर्षकबाट बालकल्याण आमा समुहलाई बाद्यवादन सामाग्री खरीदकालागि रु २० हजार विनियोजन गर्ने निर्णय गरियो। |
| | | ५. बन्दीपुर -६ आँगाटारी निवसी निमाकुमारी गुरूङको घर हावाहुरीले क्षति पुऱ्याएका कारण निजलाई राहत स्वरूप रु १९ हजार आर्थिक सहयोग गर्ने निर्णय गरियो। |
| | | ६. **पर्यटकीय क्षेत्रहरूमा उज्यालो बन्दीपुर कार्यक्रम** शीर्षकबाट<br>**क.** बन्दीपुर -२ मोहरियामा सडक बत्ती मर्मतको लागि रु २६ हजार र<br>**ख.** बन्दीपुर बजार, देक्चे र टुँडिखेल क्षेत्रमा सडक बत्ती मर्मतको लागि रु ३० हजार विनियोजन गर्ने निर्णय गरियो। |

बन्दिपुर गाउँपालिका गाउँकार्यपालिकाको कार्यालय बन्दिपुर, तनहुँ गण्डकी प्रदेश, नेपाल २०७३

# कार्यक्षेत्रगत शर्तहरुः

बन्दीपुर गाउँपालिकाको भित्रका युवाहरुको रोजगार मुलक सिप बिकास गरि युवाहरुलाई ब्यवसाय उन्मुख गरि रोजगार सृजना गर्ने उद्देश्यले युवाहरुको लागि १५ दिने वारिष्टा तालिम संचालन गर्नको लागि सेवा प्रदायक छनोट गरि संचालन गर्न देहायका सर्तहरु तयार गरिएको छ ।

१.पृष्ठभूमि :

"पहाडकी रानी" उपमाले परिचित पर्यटकिय नगरि बन्दीपुर गाउँपालिका प्राकृतिक, भौगोलिक, धार्मिक र सांस्कृतिक सम्पदाले सुसज्जित गण्डकी प्रदेशको उत्कृष्ठ पर्यटकिय गन्तब्यको रुपमा आफ्नो पहिचान बोकेको छ । यस क्षेत्रमा रहेका होटल तथा रेष्टुरेण्टहरुमा वारिष्टा ( कफि बनाउने ) तालिम संचालन गरि युवाहरुलाई प्रशस्त रोजगाको सम्भानवा रहेको हुदा बन्दीपुर गाउँपालिकाले १८ बर्ष देखि ४० सम्मका युवाहरुलाई लक्षीत गरि यो तालिमको आयोजना गरिएको छ ।

२.तालिम संचान गर्नुको लक्ष्यः

पर्यटकिय नगर बन्दीपुरका युवाहरुको सिप विकास गरि रोजगार सृजना गर्ने ।

३.तालिमको उद्देश्यहरू

क. १८ बर्ष बाट ४० बर्षका युवाहरुलाई वारिष्टा तालिम संचालन गरि सिप बिकास गरि कफि बनाउन सक्नेछ।

ख. न्यूनतम ~~५~~० जना युवाहरुलाई तालिम प्रदान गर्नेछ ।

ग. युवाहरुको लागि रोजगारीको सिर्जना हुनेछ ।

४.तालिमको लागि लक्षित क्षेत्रः

बन्दीपुर गाउँपालिकाका ६ वटा वडामा रहेका १८ देखि ४० का युवाहरुलाई हुनेछन् ।

५.तालिम संचालन बिधीः

तालिम संचालनकोलागि स्वीकृत लागत अनुमानको आधारमा परामर्शदाताले आफ्नो प्रस्तावमा पेश गर्नुपर्नेछ।

६.प्रक्रियाः

क. गाउँपालिकाले कार्यक्षेत्रगत सर्त र लागत अनुमान तयार गरी स्वीकृत गर्नेछ।

ख. सार्वजनिक खरिद ऐन २०६३ र बन्दीपुर गाउँपालिका सार्वजनिक नियमावली २०७८ मा उल्लेखित प्रावधानको परिधिभित्र रही सुचीकृत परामर्श सेवालाई प्रस्तावहरू माग गरिने छ र प्राप्त प्रस्तावहरुबाट मूल्याङ्कन तथा छनोट समितिले उपयुक्त परामर्शदाता संस्था छनोट गरिनेछ।

ग. छनोट भएको परामर्शदाता / संस्थासँग कार्यक्षेत्रगत सर्त बमोजिम सम्झौता गरिनेछ।

७.तालिम संचालनका शर्तहरूः

क. CTEVT बाट मान्यता प्राप्त प्रशिक्षक हुनुपर्नेछ।

ख.तालिम १५ दिन प्रति दिन ३ घण्टाको दरले संचान गर्नु पर्नेछ !

ग. तालिम प्रत्येक दिन २/३ सिफ्टमा संचानको लागि आवश्यक जनशक्ति सेवा प्रदायकले ब्यवस्ताप गर्नेछ ।

घ. तालिमको लागि आवश्यक पर्ने कफि मेसिन तथा मानव शक्ति सम्बन्धित सेवा प्रदायक / परामर्श दाताले गर्नेछ ।

ङ. यस परियोजनाको लागि गाउँपालिकाले परामर्शदातालाई अधिकतम रु ५,००,०००।— (अक्षरुपीः पाँच लाख) भ्याट सहित रकम उपलब्ध गराउनेछ।

८.तालिमको प्रतिवेदनका पक्षहरूः

बन्दिपुर, तनहुँ
गण्डकी प्रदेश, नेपाल
२०७३

९.भुक्तानी तालिका

क. सम्झौता अनुसार तयार गरि कार्य क्षेत्रगत सर्त पुरा गरे पछि भुक्तानीको लागि योग्य हुनेछ ।

ख. सम्झौता अनुसार तालिम सम्पन्न भए पछि तालिममा खर्च भएको प्रतिबेदन र कर बिजक र सहभागी उपस्थिति /भरपाईको सक्कल प्रति सहित भुक्तानीको लागि योग्य हुनेछ ।

१०. परामर्शदाताको छनोटको योग्यताको आधारः

परामर्शदाताको छोटको योग्यताको आधारहरु देहाय बमोजिम हुनेछः

क. संस्था नियमित दर्ता तथा नबिकरण भएको हुन पर्ने ।

ख. नियमित लेखा परिक्षण तथा कर चुक्ता भएको हुन पर्ने ।

ग. संस्थाले तालिम दिने प्रतिष्ठानहरुबाट मान्यता प्राप्त हुन पर्ने ।

११. प्रस्तावकहरूको छनोट तथा मूल्याङ्कन विधिः

सूचना प्रकाशन वा सूचिकृत सेवा प्रदायकलाई पत्र प्रेशित पश्चात, रित पुर्वक पेश हुन आएका प्रस्तावहरुलाई सार्वजनिक खरिद ऐन २०६३ र सार्वजनिक खरिद नियमावली २०६४ मा उल्लेख भएका प्रावधानको आधारमा रही मूल्याङ्कन गरिनेछ। मूल्याङ्कनमा सबैभन्दा कम दररेटमा गुणस्तरिय सेवा दिने प्रस्तावदातालाई यस कार्यका लागि छनोट गरिनेछ र सम्झौताको लागि बोलाई सम्झौता गरिनेछ ।

# राजश्व सुधार कार्ययोजना

(Revenue Improvement Action Plan)

बन्दिपुर गाउँपालिका
गाउँकार्यपालिकाको कार्यालय
बन्दिपुर, तनहुँ
गण्डकी प्रदेश, नेपाल
२०७३

## कार्यक्षेत्रगत सर्तसूची

## (Terms of Reference)

# बन्दीपुर गाउँपालिका

### गाउँकार्यपालिकाको कार्यालय

तनहुँ, गण्डकी प्रदेश,

नेपाल

# १. पृष्ठभूमि

नेपालको संविधान र प्रचलित कानूनले आर्थिक तथा प्रशासनिक सक्षमताका आधारमा भंसार महसुल, मूल्य अभिवृद्धि कर, अन्तःशुल्क तथा आयकर लगाउने अधिकार संघीय सरकारलाई दिएको छ । घरजग्गा रजिष्ट्रेशन दस्तुर, सवारी साधन कर, मनोरन्जन कर, विज्ञापन कर, कृषिमा आयकर लगाउने अधिकार प्रदेशको अधिकार क्षेत्रभित्र राखिएको छ भने मालपोत/भूमिकर, सम्पत्ति कर, घर जग्गा रजिष्ट्रेशन शुल्क, सवारी साधन कर, मनोरञ्जन कर, विज्ञापन कर, सम्पत्ति कर, घर बहाल कर र व्यवसाय करलाई स्थानीयतहको अधिकार क्षेत्रभित्र राखिएको छ । यसैगरी गैर करहरुमा राहदानी शुल्क, भिसाशुल्क, पर्यटन दस्तुर, सेवाशुल्क र दण्ड जरिवाना लगाउने अधिकार संघलाई, पर्यटन शुल्क, सेवा शुल्क तथा दण्ड जरिवाना लगाउने अधिकार प्रदेशलाई र सेवाशुल्क, पर्यटन शुल्कतथा दण्ड जरिवाना लगाउने अधिकार स्थानीयलाई दिइएको छ । प्राकृतिक स्रोतबाट प्राप्त रोयल्टी केन्द्र, प्रदेश र स्थानीय सबै तहको सरकारले पाउने व्यवस्था गरिने छ भने कुनै पनि तहको सरकारले कर लगाउन सक्ने भनेर उल्लेख नभएका विषयमा कर लगाउने व्यवस्था संघीय सरकारले निर्धारण गरे अनुसार हुने व्यवस्था छ ।

गाउँपालिकाले आफ्नो आन्तरिक स्रोतको प्रक्षेपण गर्ने, सम्भाव्यता अध्ययन एबं राजस्व अभिबृद्धिका लागि छुट्टै योजना तर्जुमा गरी कार्यान्वियन गर्नु पर्ने कुरालाई समेत अनिवार्यता बनाइएको छ । गाउँपालिकाको बर्तमान राजश्व क्षमताको लेखाजोखा गरी यसको पूर्ण परिचालनको समग्र राजश्व सुधार कार्य योजना तयार गरी कार्यान्वयन गर्न आवश्यक छ । यसै परिप्रेक्ष्यमा गाउँपालिकाको राजश्व सुधार कार्य योजना तर्जुमाको लागि परामर्श सेवा लिन यो कार्यगत सर्तसूची (**Terms of Reference**) तयार पारिएको छ ।

# २. उद्देश्य

यस कार्यको समग्र उद्देश्य गाउँपालिकाको, नेपालको संविधान तथा स्थानीय सरकार संचालन ऐन २०७४ ले दिएको अधिकार क्षेत्र भित्र रही आन्तरिक आयको विद्यमान अवस्था तथा आन्तरिक स्रोतका संभावनाहरुको विश्लेषण गरी प्रक्षेपण सहितको राजस्व सुधार कार्य योजना तयार गर्नु र सो कार्य योजना कार्यान्वयनमा सहजिकरण हो । यस उद्देश्यको प्राप्तीकालागि देहाय अनुसारका सहायक उद्देश्य निर्धारण गरिने छ :

- स्थानीय तहको आय अधिकार तथा सुधार योजना सम्वन्धमा कार्यपालिका, शाखा प्रमुखहरु तथा राजश्व प्रशासनमा सलग्न कर्मचारीहरुलाई अभिमुखिकरण गर्ने ।
- स्थानीय सरकार संचालन ऐन २०७४ ले दिएको अधिकार क्षेत्र भित्र रही करहरुको पहिचान, दर र दायराको विश्लेषण गरी आगामी आर्थिक वर्षहरुको राजस्व प्रक्षेपण गर्ने
- आन्तरिक आयबृद्धिका सम्भावनाहरु पहिचान गरी आय सुधार रणनीति सहितको आन्तरिक आय सुदृढिकरण कार्य योजना तयार गर्ने ।

# ३. अध्ययन विधि

यस राजस्व सुधार कार्य योजना तर्जुमा कार्यका लागि सम्बन्धित विभिन्न सन्दर्भ सामाग्रीहरुको अध्ययन, तंथ्याक तथा सूचना संकलन का लागि आवश्यक फारामहरुको विकास, तथ्याक संकलन तथा विश्लेषण, सहभागितामूलक छलफल, अनुशिक्षण कार्यशाला गोष्ठी तथा सहजिकरण जस्ता विधिहरु प्रयोग गर्नु पर्नेछ । अध्ययनका कममा अवलम्बन गरिने विधिहरुलाई देहाय अनुसार हुनु पर्नेछ :

कार्यपालिकाको का
बन्दिपुर,तनहुँ
गण्डकी प्रदेश,नेपाल
२०७३

### ३.१ सन्दर्भ सामग्री संकलन तथा अध्ययन

अध्ययन कार्यको प्रथम चरणमा परामर्शदाता समुहबाट विभिन्न स्रोतहरुबाट सन्दर्भ सामाग्रीहरु संकलन तथा पुनरावलोकन गर्नु पर्ने छ । यस कममा अध्ययन तथा पुनरावलोकन गरिएको मुख्य सामग्रीहरु देहायअनुसार रहेका छन् :

- नेपालको संविधान
- स्थानीय सरकार संचालन ऐन, २०७४
- अन्तर सरकारी वित्तव्यवस्थापन ऐन, २०७४
- राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग ऐन, २०७४
- एकीकृत आर्थिक संकेत तथा वर्गिकरण र व्याख्या, २०७४
- गाउँपालिकाको वस्तुगत विवरण
- गाउँपालिकाको आ.व.८१।८२ को योजना, नीति बजेट तथा कार्यक्रम
- परिवर्तित संरचना अनुसार विभिन्न मन्त्रालयहरुले निश्कासन गरेको कार्यविधि, दिग्दर्शन, ऐन कानुनका नमुनाहरु
- स्थानीय राजश्वका क्षेत्रमा भएका अध्ययन तथा प्रतिवेदनहरु

### ३.२ तथ्यांक/सूचना संकलन फारम तथा सूची विकास

सन्दर्भ सामाग्रीको अध्ययन तथा विश्लेषण पश्चात परामर्शदाताहरु बाट तथ्यांक तथा सूचना संकलनका लागि आवश्यक फारमहरुको विकास गर्नु पर्नेछ ।

### ३.३ प्रारम्भिक बैठक तथाअभिमुखीकरण कार्यकम

गाउँपालिका मा प्रारम्भिक बैठक तथा विभिन्न चरणमा छलफल तथा एक दिने अभिमुखिकरण कार्यशाला कार्यक्रम संचालन गर्नु पर्नेछ ।

### ३.४ तथ्यांक/सूचना संकलन

अध्ययनका कममा परामर्शदाता द्धारा गाउँपालिकाको कार्यालय, विभिन्न शाखाहरुबाट आवश्यक तथ्यांक एवम् सूचनाहरु संकलन गर्नुपर्ने छ । यस कार्यका लागि कार्यालयका सुचना तथा तथ्यांक अभिलेख, सरोकारवाला पक्षहरुसंगको छलफल, स्थलगत भ्रमण तथा अवलोकन आदि विधि अवलम्बन गर्नु पर्नेछ । यस कममा निम्न तथ्यांक एवम् सूचनाहरु संकलन गर्नु पर्नेछ ।

- गाउँपालिका बारे संक्षिप्त जानकारी
- वर्तमान राजश्व प्रशासनको अवस्था (संगठन संरचना, कर्मचारी, राजश्व असुली तथा भौतिक सुविधा आदी)
- राजस्व परिचालनका लागि अबलम्बन गरिएका नीतिगत व्यवस्थाहरु
- आन्तरिक आय संकलनको अवस्था, स्रोत, क्षेत्र तथा दर सम्बन्धी विस्तृत विवरण

- आन्तरिक आय संकलनको संभावित क्षेत्रहरु सम्बन्धी तथ्यांक तथा सूचना
- गाउँपालिकाको आ.व.०८१।८२ को योजना, नीति बजेट तथा कार्यक्रम
- गाउँपालिकाको आर्थिक ऐन

### ३.५ तथ्यांक विश्लेषण तथा प्रारम्भिक मस्यौदा तयारी

समूहगत छलफल, अध्ययनबाट प्राप्त तथ्यांक तथा सुचनाहरुलाई आवश्यकता अनुसार विभिन्न विधिहरुबाट विश्लेषण गरि प्राप्त नतिजा तथा जानकारीहरुलाई व्यवस्थित गरि तालिकामा प्रस्तुतगरि प्रस्तुत राजस्व सुधार कार्य योजनाको प्रारम्भिक मस्यौदा तयार गर्नु पर्नेछ ।

### ३.६ मस्यौदा कार्य योजना गाउँपालिका पक्ष समक्ष पेश

उपरोक्त चरणहरु पश्चात तयार गरिएको यो राजस्व सुधार कार्ययोजनाको मस्यौदा गाउँपालिका समक्ष आवश्यक सल्लाह तथा सुझावका लागि पेश गर्नु पर्नेछ ।

### ३.७ कार्यशाला गोष्ठीको आयोजना

राजश्व सुधार कार्य योजनाको मस्यौदा प्रतिवेदन प्रस्तुती तथा छलफल गरि कार्ययोजना तर्जुमाका लागि एकदिने कार्यशाला गोष्ठी आयोजना गर्नु पर्नेछ ।

### ३.८ प्रतिवेदनको अन्तिम रुप

अध्ययनका क्रममा विभिन्न स्रोतबाट संकलित तथ्यांकलाई पुनः परिक्षण, मस्यौदा प्रतिवेदन उपर सरोकार पक्षहरु तथा कार्यशाला गोष्ठीबाट प्राप्त सुझाव र सल्लाहका आधारमा अन्तिम प्रतिवेदन तयार गर्नु पर्नेछ । यस प्रतिवेदनमा गाउँपालिकाको राजस्व सुधार कार्ययोजना, सो कार्य योजनाका आधारमा आगामी तीन आर्थिक वर्षहरुका लागि गाउँपालिकाको आयप्रक्षेपण समेत गर्नु पर्नेछ ।

## ४. दस्तावेजको ढाँचा

- राजस्व परिचालनको वर्तमान अवस्था पुनरावलोकन को संक्षिप्त परिचय
- अवस्थिती तथा पहुँच
- राजस्व प्रशासन
- आय समीक्षा
- आय परिचालनको वर्तमान अवस्था
- आन्तरिक आय सम्भावना विश्लेषण
- राजस्व सुधार कार्य योजना
    - राजस्व परिचालन नीति
    - राजस्व परिचालन कार्यनीति
    - राजस्व सुधार कार्य योजना
- **राजश्व प्रक्षेपण**
- **निष्कर्ष र सुझाव**
- **अनूसूचिहरु**

## ५. कामका लागि आवश्यक क्षेत्रगत विज्ञ जनशक्ति, न्युनतम शैक्षिक योग्यता र अनुभव

| क.सं. | पद | योग्यता वा जिम्मेवारी |
|---|---|---|
| १ | टोली नेताः (१ जना) | शहरी योजना, विकास व्यवस्थापन जस्ता विषयमा स्नातकोत्तर तहको शैक्षिक योग्यता हासिल गरी शहरी योजना, स्थानीय सुशासन, राजश्व प्रशासन, स्थानीय वित्त व्यवस्थापन जस्ता क्षेत्रमा न्युनतम ५ बर्षको अनुभव |
| २ | टोलि सदस्य (१ जना) | स्नातकोत्तर र सम्वन्धित क्षेत्रको अनुभव ३ वर्षको अनुभव |

## ६. संस्थाको योग्यता :

प्रस्तावक सेवाप्रदायक संस्थाको योग्यता निम्न अनुसार हुनुपर्नेछ, जसको पुष्टि संस्थागत विवरणमा पेश गर्नुपर्नेछ ।

**क. सेवाप्रदायक संस्थाको किसिम :** साझेदारी फर्म, कम्पनी प्रचलित कानुन बमोजिम नेपाल सरकारको कार्यालयमा दर्ता भएको हुनुपर्ने ।

**ख. प्रशासनिक योग्यता :**

- ✓ संस्था दर्ताको प्रमाणपत्र तथा प्रमाणपत्र भएका कम्पनीहरु ।
- ✓ गत आ.व. २०८०/०८१ को कर चुक्ता वा म्याद थपको प्रतिलिपी भएको ।
- ✓ कुनै कानुनी कारबाहीमा मुद्दा चलिरहेको अवस्था नभएको ।
- ✓ यस कार्य सम्बन्धी सेवा प्रदान गर्न पाउने गरी सम्बन्धित निकायबाट काम गर्न अनुमति प्राप्त गरेको ।

**ग. कार्यअनुभव**

राजश्व सुधार कार्ययोजना सम्बन्धी कार्यमा कम्तीमा ३ वर्षको अनुभव भएको र कुनै सरकारी निकायमा सोही प्रकृतिको कम्तीमा एउटा कार्य गरेको अनुभवको प्रमाणपत्र पेश गर्नुपर्नेछ ।

## ७. प्रस्ताव मुल्याङकन विधि (पूर्णाङ्क १०० उत्तीर्णाक ६०)

- मुख्य जनशक्तिको योग्यता र अनुभव - ४०
- प्रस्तावकको खास कामको अनुभव - २५
- कार्य सम्पन्न गर्ने विधि तथा प्रक्रिया र कार्यशर्तमा प्रभावग्रहिता - १५
- स्वदेशी जनशक्तिको सहभागिता - १०
- प्रविधिको हरुतान्तरण - १०

प्रस्तावमा विज्ञको शैक्षिक योग्यता, अनुभव ४०%, संस्थाको अनुभव २५%, संस्थाले काम गर्ने विधिलाई १५% स्वदेशी जनशक्ति सहभागिता १०% प्रविधिको हस्तारतरण १० प्रतिशत हुनेछ ।

| विषयगत क्षेत्र | अंक भार (प्रतिशत) |
|---|---|
| **जनशक्तिको योग्यता र अनुभव** | **४०** |
| विज्ञको योग्यता | २४ |
| विज्ञको अनुभव | १६ |
| **संस्थाको अनुभव** | **२५** |
| साधारण अनुभव (स्थानीय तहमा कुनै योजना कार्य गरेको हुनुपर्ने ) | १० |
| विशेष अनुभव (स्थानीय तहमा राजश्व सुधार कार्ययोजना सम्बन्धी कार्य गरेको हुनुपर्ने ) | १० |
| अन्य अनुभव (स्थानीय तह तथा नेपाल सरकार अन्तर्गतका कार्यालयमा कुनै योजना वा सर्वेक्षण सम्बन्धी कार्य गरेको हुनुपर्ने ) | ५ |
| **कार्य सम्पन्न गर्ने विधि तथा प्रक्रिया र कार्यशर्तमा प्रभावग्रहिता** | **१५** |
| कार्यसुची विवरण अनुसार प्रस्ताव तयार | १० |
| कार्ययोजना प्रस्तुत | ५ |
| **स्वदेशी जनशक्ति सहभागिता** | **१०** |
| **प्रविधिको हस्तारतरण** | **१०** |

## ८. छनौट विधि

प्रस्तावदाताहरुको छनौटका आधारमा सार्वजनिक खरिद नियमावली २०६४ ले निर्देश गरे अनुसार गुणस्तर र लागत विधिलाई लिईनेछ । प्रस्तावहरुलाई प्राविधिक प्रस्तावको अंक ८० र आर्थिक प्रस्तावको अंकभार २० गरी जम्मा १०० अंकमा मुल्याङ्कन गरी उच्चतम अंक प्राप्त प्रस्तावकलाई छनौट गरिनेछ ।

## ९. परियोजना कार्यान्व्यन

१. **सम्झौता अवधि** : संस्था छनौट भएका ७ दिन भित्र सम्झौता गरिनेछ र आयोजनाको अवधि सामान्यतया ३० दिनको हुनेछ, तर सो भन्दा अगाडी कार्य सम्पन्न गरे पनि भुक्तानीमा बाधा पर्ने छैन । अन्य विषयमा सम्झौतामा उल्लेख भए बमोजिम हुनेछ ।

२. **कार्यान्वयन मिति** : सम्झौता भएका मितिबाट परियोजना कार्यान्वयन हुनेछ ।

## १०. कागजात तथा विवरण उपलब्ध सम्वन्धमा

परामर्शदाताले मागेको विवरण तथा कागजात बन्दीपुर गाउँपालिकावाट उपलब्ध गराउन मद्दत तथा सहयोग उपलब्ध गराइनेछ ।

## ११. पेश गर्नुपर्ने प्रतिवेदनहरु

स्थानीय तहको कार्ययोजना दिग्दर्शन २०७८ का आधारमा परामर्श सेवादाताले तयार पारेको निम्नानुसारको राजश्व सुधार कार्ययोजनाको प्रतिवेदन बन्दीपुर गाउँपालिका समक्ष पेश गर्नुपर्नेछ ।

| क.स | दस्तावेजहरु | प्रेषण गर्ने अनुमानित समय | कैफियत |
|---|---|---|---|
| १ | मस्यौदा प्रतिवेदन | कार्यशाला तथा वडास्तरीय छलफल समाप्त भएको १६ दिन भित्र | १ प्रति हार्ड कपि र १ प्रति सफ्ट कपि |
| २ | राजश्व सुधार कार्ययोजनाको अन्तिम प्रतिवेदन | नगरपालिकामा प्रस्तुत भएको ७ दिन भित्र | २ प्रति हार्ड कपि |

## १२. समय अवधि

यस कामका लागि वढिमा ३० दिनको समय उपलव्ध गराइनेछ ।

## १३. भुक्तानीको प्रक्रिया

बन्दीपुर गाउँपालिकाको राजस्व सुधार कार्ययोजना मा प्राविधिक परामर्श कार्यका लागि परामर्श दातालाई परामर्श शुल्क वापतको रकम भुक्तानी तालिका देहाय अनुसार हुनेछ ।

- सम्भौता भए पश्चात : कुल रकमको ३०%
- मस्यौदा प्रतिवेदन पेश भए पश्चात: कुल रकमको ३०%
- अन्तिम प्रतिवेदन पेश भई स्विकृत भए पश्चात: कुल रकमको ४०%